

# रुपान्तरण



यस भित्र


१. शुभकामना सन्देश
२. आत्मसम्मानपूर्ण जीवन
३. रोजगारदाताको तर्फबाट
४. अन्तरवार्ता
५. शिक्षालय सन्दर्भ
६. साहित्यिक सिर्जना





## सानो ठिमी प्राविधिक शिक्षालय

सानोठिमी, भक्तपुर

२०७१ भाद्र



**शुभकामना**

सानो ठिमी प्राविधिक शिक्षालयले प्रकाशन गर्न थालेको रूपान्तरणले तेस्रो वर्ष पनि आफ्नो नियमित प्रकाशन गर्न सफल भएकोमा यस संग सम्बद्ध सबैलाई धन्यवाद दिन चाहन्छु । मेरो विचारमा सफलता प्राप्त गर्न भन्दा यसलाई नियमितता दिन गाह्रो हुन्छ । यस अर्थमा विभिन्न समस्याका बावजुद यस्को प्रकाशन तथा व्यावसायिक तालीम प्रदान गर्ने अर्थमा समेत विगत तीस वर्षको अनुभवले यस संस्थाको महत्वमा एउटा विशेषण थप्न सफल भएको छ ।

अन्त्यमा, २०७१ सालको बिजया दशमीको शुभ उपलक्ष्यमा सबै दिक्षित एवं प्रशिक्षणरत प्रशिक्षार्थीहरूको सफल एवं सुखद भविष्यको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**राम कृष्ण निराला**
अध्यक्ष, युसेप नेपाल



**शुभकामना**

सर्वप्रथम, युसेप नेपाल र म आफ्नो तर्फबाट समस्त नेपाली जनता र संसार भर बसोबास गर्ने सबै धर्मावलम्बीलाई २०७१ सालको बिजया दशमीको शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना । दुर्गामाताको आर्शिवादले सबैको समृद्धि र देशको उत्तोरोत्तर प्रगति तथा सर्वाधिक विकास होस् भन्ने कामना गर्दछु ।

नेपाल सरकारले तत्कालिन समयमा व्यावसायिक तालीमको क्षेत्रलाई दिएको बढ्दो महत्वको कारण म युसेप नेपालको स्थिर भविष्य प्रति निकै आशावादी छु । व्यावसायिक तालीमलाई औपचारिक शिक्षा संचालन गर्ने विद्यालयस्तर पढाईमा समाहित गर्ने प्रयास हाल परिक्षण तहमा छ । एशियाली विकास बैंक, विश्व बैंक जस्ता बहुपक्षिय निकाय र गैर सरकारी संस्थाहरूको लगानी पनि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको क्षेत्रमा बढ्दो छ । युसेप नेपालले पनि आफ्नो कर्मचारीको लगनशीलताको र भगवानको कृपाले यी संस्था मार्फत परिचालन हुने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको क्षेत्रसंग सम्बधिन्त कार्य गर्नको लागि छनोट हुंदै आएको छ । म सत्यनिष्ठ भएर आशावादी छु कि भविष्यमा युसेप नेपालले यो क्षेत्रमा गर्ने कार्य बढ्नेनै छ । यस्तो हुंदा युसेप नेपालको संस्थागत प्रगति मात्र नभएर, त्यसै समयमा राष्ट्र विकासमा पनि योगदान पुऱ्याउन सहयोग गर्नेछ ।

तत्कालिन परिस्थितिमा हाम्रो देश अत्याधिक बेरोजगारीको चपेटामा छ किनभने हाम्रो औपचारिक प्रणाली दोषपूर्ण छ । नेपाल सरकारको व्यवस्थापनमा संचालन हुने विद्यालय, क्याम्पस र विश्व विद्यालयका दिक्षित युवाहरूमा आफ्नो क्षमता अनुसारको रोजगार नपाउनाले नैराश्यता छाएको छ । यदि देशका युवाहरू यसरी हतोत्साहित हुने हो भने राज्य भित्र संधै उथलपुथलको अवस्थामा रहनेछ । हाम्रो देश पनि यो अवस्थाको अपवाद होइन र यहि कारणले हाम्रो राज्यले एक दशक लामो आन्तरिक द्वन्द्वको सामना गर्नुपऱ्यो । यो अवस्थाबाट बाहिर आउने एउटा मात्र उपाय प्राविधिक तथा व्यावसायिक तालीम हो । औपचारिक शिक्षाका दिक्षितहरूको तुलनामा व्यावसायिक तालिमका दिक्षितहरू सजिलै आन्तरिक अथवा वैदेशिक रोजगार बजारमा समाहित हुन सक्छन् । यो अवस्थामा, म नेपाल सरकारलाई विनम्र अनरोध गर्दछु कि व्यावसायिक तालीममा दिक्षित नभएका युवाहरूलाई वैदेशिक रोजगारमा जानबाट प्रतिबन्धित गर्न बलियो नीति अवलम्बन गरिनुपर्छ । अन्तमा आफ्नो निस्वार्थ मिहिनेतको लागि भने युसेप नेपालका समस्त कर्मचारी विशेष प्रशंसाका लायक छन् ।

**लोकेश राज दली**
महासचिव, युसेप नेपाल



**शुभकामना**

युसेप नेपालद्वारा संचालित सानो ठिमी प्राविधिक शिक्षालयले रोजगारमुलक व्यांवसायिक तालीम प्रदान गर्ने यात्रालाई निरन्तरता दिई नै रहेको छ । शिक्षालयमा तालीम लिने हरेक प्रशिक्षार्थी समाजमा आत्मनिर्भर हुन सक्ने रोजगारी वा स्वरोजगारीतर्फ उन्मुख हुन् भन्ने मुल ध्येयलाई साकार पार्न शिक्षालयमा कार्यरत सम्पुर्ण कर्मचारी, प्रशिक्षक एवं प्रशिक्षार्थी स्वयंको मेहनत सराहनीय छ । यस सन्दर्भमा पछिल्लो ६ महिना अवधिका महत्वपुर्ण क्रियाकलाप, प्रशिक्षार्थीका लेख रचना समेत समावेश गरिएको यस रूपान्तरणले सम्पुर्ण पाठकहरूलाई जानकारी प्रदान गर्ने कुरामा दुविधा छैन ।

व्यावसायिक तालीम लिएका व्यक्ति समाजका नीधि हुन्, उनिहरू सम्मानित पेशाकर्मी हुन् र काम गर्ने मानिसको सम्मान गर्नुपर्छ भन्ने कुरालाई नेपाली समाजमा स्थापित गर्नका लागि अझै धेरै काम गर्न बाकी छ । सानो ठिमी प्राविधिक शिक्षालयमा तालीम प्राप्त पेशाकर्मीहरूको परिचय र उनिहरूको सफलताको कथालाई समेटेर यस प्रकाशनले उहांहरूप्रति सम्मान गरेको अनुभुती भएको छ । सीपयुक्त अनुसाशित पेशाकर्मीहरूले आकर्षक आम्दानी हंसील गरेका दृष्टान्तहरू हामी सवैका सामु प्रष्ट छन् । त्यसकारण सम्पुर्ण युवाहरूलाई रोजगारमुलक शिक्षाको माध्यमवाट आफ्नो जीवनलाई समृद्ध पार्नका लागि हौसला मिलोस भन्ने कामना गर्दछु । अन्तमा विजयादशमी एवं शुभ दिपावलीको अवसरमा सवैलाई मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

**सुवास सुवेदी**
कार्यकारी निर्देशक

# रुपान्तरण

वर्ष ३ (भाद्र) अंक २

**सल्लाहकार**
रामकृष्ण निराला
डा.तुलसी प्रसाद भट्टराई
लोकेश राज दली
सुवास सुवेदी
**सम्पादक**
चन्द्र कुमार ढुंगाना
**विशेष सहयोगी**
केशव सुवाल
राजिद सैंजू
भविन रानाभाट
सोनी तण्डुकार
सरोज न्यौपाने
**कार्य मण्डल**
राजन बस्नेत
सन्जु बज्राचार्य
संगम चालिसे
सर्मिला श्रेष्ठ
दिपेन्द्र न्यौपाने
महेश राजथला
पुरुषोत्तम मुनकर्मी
राम सुन्दर सुवाल
हिरामणी हुमागाई

**प्रकाशक**
सानो ठिमी प्राविधिक शिक्षालय
सानोठिमी भक्तपुर
फोन नं. ६ ६३०३८८

## सम्पादकीय

भाद्र महिनाको आगमन संगै रुपान्तरणमा पुन एक आँख्ला टुसाएको छ । २०६८ साउनमा विजारोपण गरीएको रुपान्तरणमा जवानीका लक्षणहरु देखा पर्न थालेका छन् । वयस्क र परिपक्व हुँदैछ भन्ने कुरा यसमा संग्रहित लेख रचना र सामाग्रीहरुले प्रतिविम्बित गर्दछ । झाँगिदै गएको रुपान्तरणको छहारीमा आफ्ना भावनाहरुसंग सुस्ताउदै सितलता महसुस गर्नेहरुको संख्या पनि दिनानुदिन बृद्धि हुँदै गइरहेको छ भने अर्को तर्फ रुपान्तरणको स्याहार सुसार, मलजल र संरक्षणमा जुटेकाहरुको मिहेनत र परिश्रम पनि अद्वितीय, बिर्सनै नसकिने तथा अति प्रशंसनीय छ । जे होस् रुपान्तरणले धेरै जसो वर्ग तथा समुदायको भावना, वेदना र सृजनालाई अंगालेको छ भन्ने कुरामा दुई मत हुन सक्तैन ।

समयको लहरहरु र यसका चुनौतीहरु पन्छाउदै जसरी रुपान्तरणले आफुमा पालुवाहरु थप्दै लगेको छ, त्यसरी नै सानोठिमी प्राविधिक शिक्षालयले पनि समस्याहरुसंग जुट्दै आफ्ना हाँगाहरु फैलाउदै लैजाने क्रममा छ । आफुलाई परिस्कृत र परिमार्जित गर्दै नयाँ नयाँ प्रविधि तथा सीपको विकास र प्रशिक्षण कार्यक्रमहरुको थालनी गरेको छ । जस्को परिणम हो हेवी इक्युप्मेन्ट मर्मत तालीम, सायद यो देशकै पहिलो पनि हुन सक्छ ।

प्राविधिक कार्यमा देखिदै आएको जटिलता तथा जोखिमलाई मध्ये नजर गरेर, सुरक्षा, कार्यशाला तथा मेसिन औजार संवन्धी सुरक्षाहरुमा पनि विशेष जोडका साथ निरन्तर अभ्यासहरु पनि अनिवार्य रुपमा गराउँदै आएको छ । जस्ले जोखिम र भयपूर्ण अवस्थालाई धेरै हदसम्म न्युनीकरण गर्न मद्दत पुऱ्याएको छ ।

साथै नियमित रुपमा संचालन हुने जीवन उपयोगी शिक्षा र सीपका माध्यमबाट पनि प्रशिक्षार्थीहरुको आचरण, अनुशासन, दृढता, आत्मवल तथा विचारलाई असल तथा सकारात्मक र सफलता प्राप्तिका लागी प्रेरित पनि गर्दै आइरहेको छ । साथै तालिका बमोजिम संचालन हुने अतिरिक्त क्रियाकलापहरु, सांस्कृतिक कार्यक्रमहरु, खेलकुद कार्यक्रमहरु सामुहिक जन्मोत्सव, औद्योगीक भ्रमणहरु लगायत अन्य थुप्रै शारीरिक तथा बैद्धिक स्तरका कार्यक्रमहरुको संचालनले गर्दा प्रशिक्षार्थीहरुमा अझ बढी हौसला र रौनकता थपिएको सजीलै महसुस गर्न सकिन्छ । यस्तै विभिन्न कारणहरुले गर्दा होला सायद, अन्य प्राविधिक तालीम केन्द्रहरुबाट उत्पादन हुने प्राविधिकहरुको तुलनामा सानो ठिमी प्राविधिक शिक्षालयबाट दिक्षित हुने प्राविधिकहरु हरेक दृष्टिकोणबाट उत्कृष्ट र सफल छन् भन्ने कुरा विभिन्न संघ संस्था, रोजगारदाता तथा अन्य निकायहरुबाट सुन्न पाउँदा हामी नतमस्तक भएका छौं । गौरवान्वित भएका छौं । साथै भविश्यमा पनि निरन्तर सुझाव सल्लाह तथा सहयोगको अपेक्षा राख्दछौं ।

पुर्ण विराम लगाउनु भन्दा अगाडि नजिकिदै गएको महान् चाड वडा दशै तथा शुभ दिपावली साथै छठ पर्वको अवसरमा सम्पूर्ण महानुभाव तथा पाठक वर्गमा सु-स्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतिका साथ शुभकामना व्यक्त गर्दै यो अंक समर्पित गर्न चाहन्छु ।

## आत्मसम्मानपूर्ण जीवन

# मेहेनत गर्दै जानु पर्छ, सफल अवश्य भइन्छ ।

मानिस जीवनमा आत्म सम्मानपूर्वक जिउन चाहन्छ । समाजमा सम्मानका साथ जिउनका लागि हातमा सीप र शिक्षा हुन अति आवश्यक पर्दछ । त्यस्तै अवसरको खोजीमा हिड्दै जाँदा मेरो युसेप नेपाल सम्मको यात्रा यसरी तय भयो ।

सुदुर पश्चिमाञ्चल विकास क्षेत्र बाजुरा जिल्लामा वि.सं.२०४७ सालमा जन्मिएको म, मेरो नाम धर्म बडुवाल हो । कृषि पेशामा निर्भर मेरो परिवारको अन्य आय स्रोत केही थिएन । आठजनाको परिवार संख्या थियो । खानाको लागि नै धौ धौ हुने परिवारमा चार जना दाजु भाइलाई पढाउन मुश्किल थियो । त्यसैमा पनि आठ वर्षको उमेरमा बुबाको मृत्यु भयो । त्यस पछि घर परिवारको सारा जिम्मेवारी आमाले उठाउनु भयो । ठूलो दाईले स्कुल छोडर आमालाई साथ दिनु भयो । दाजुले हामी तीनभाईलाई पढने अवसर भने दिनु भयो । घर देखि दुई घण्टा हिडेर स्कुल सम्म जानु पर्थ्यो । मेहनत गरी वि.स. २०६४ सालमा एस.एल.सी. पास गरि यो । अब भने माथिका लागि पढ्न मुस्किल भयो । कलेज पढ्नलाई घरदेखि टाढा जानुपर्ने भएकोले खर्च धेरै लाग्ने भयो । पढाई छोड्ने स्थिति आइसकेको थियो । एक दिन छिमेकी दाजुले आफ्नो पसलको सामान अछाम देखि ल्याइदिने भरिया चाहिएको छ भनेर भन्नु भयो । मलाई जसरी पनि मेरो पढाईलाई अगाडि बढाउनु थियो, उहाँको कुरालाई स्वीकार्ने निर्णय गरें । काम सुरु भयो । त्यस पछि अछामदेखि बाजुरा सम्म ३ दिनको पैदल यात्रा गर्नुपर्थ्यो । ५० देखि ६० के.जी. भारी बोके बापत ५ देखि ७ सय ज्याला पाइन्थ्यो । अब भने त्यसै गरी पढ्ने निर्णय गरें । १५ दिन कलेज १५ दिन भारी बोक्ने काम गर्दै ११ को पढाई पुरा गरें । पढन्को लागि सदर मुकाम मार्तडी जानु पर्थ्यो । त्यसै क्रममा पिसविन बाजुरा भन्ने संस्थाले गरिब तथा पिछडिएका बर्गका लागी निःशुल्क तालीम आएको सुचना साथी मार्फत थाह पाएँ । उक्त तालिमका लागि पाँचजनाको कोटाका लागि म पनि छनौटमा पर्न सफल भएँ । जम्मा तीन महिने सीपमूलक तालीम सानोठिमी भक्तपुरमा दिइने रहेछ । २०६६ साल असार महिनामा म सहित ५ जना साथीहरु सानो ठिमी प्राविधिक शिक्षालयमा उपस्थिति भइयो ।

गाँऊ घरमा हुर्किएको म, ठूलो सहर भाषा नमिल्ने जस्ता अनेक समस्याले सताए पनि मेहनतका साथ सीप सिकियो । शिक्षालयको तालीम संग संगै सि.टि.इ.भि.टि. बाट लिइने तह १ को परीक्षा पनि उत्तीर्ण भएँ । तालिमकै दौरानमा सर म्याडमहरुले तालीम पश्चात रोजगार पाइने मिठा मिठा कुरा सुनाउनुहुन्थ्यो । तर मलाई भने कता कता मनमा डर थियो । तालीम पुरा गरें । घर जाने दिन नजिकै थियो । होस्टेलको सरले प्लेसमेन्ट युनिटबाट बोलाएको छ सबैजना प्लेसमेन्ट युनिटको म्यामसंग भेटन् जानु भन्नुभयो । हामी सबै म्यामलाई भेट्न गयौं । म्यामसंग जागिरको सम्बन्धमा छलफल भयो । अल्फा फर्निचर नामक एक संस्थामा ईलेक्ट्रिसियनको माग भएको र त्यहाँ सबैजना जानु भन्नुभयो । साथमा तलबको बारेमा पनि सुनाउनु भयो, तलब थियो जम्मा रु. ४७०० । तलब सुन्ने वित्तिकै दुई जना साथीहरु भने तत्काल काम नगर्ने गाँऊमै फर्किने निर्णय गरे । तर मलाई भने जसरी पनि काम सिक्न पर्छ । काम गर्नु पर्छ भन्ने मनमा लागि रहेको थियो । म र बाँकी केही साथीहरु मिलेर बस्ने र काम गर्ने निर्णय गरें । काठमाण्डौको



जिवन शैली, रहन सहनमा निकै दुः ख गरें । झन् सुरु सुरुमा त ईलेक्ट्रियसन हेल्परको काम भित्ता फोड्ने, पाईप गाड्ने, छिना हम्मर निकै चलाइयो । यसै बिच म संग काम गर्ने साथीहरुले पनि काम छोड्न थाले । झन् दुःख बढ्न थाल्यो । कोठा भाडा खाना, बस्ने सबै मिलाउन हम्मे हम्मे परेको थियो । आमाले कहिले कही गाँऊबाट चामल, दाल पठाई दिनु हुन्थ्यो । यसरी नै एक वर्ष वित्यो । त्यस पछि भने मेरो मेहेनतको कदर गर्दै मेरो प्रमोशन भयो । मेरो तलब पनि बढेर रु. ११,००० हजार र अन्य सुविधा समेत पाउन थालें । मैले सिनियर मिस्त्रीको रुपमा काम गर्ने अवसर पाएँ साथमा २ जना हेल्पर मेरो साथमा हुन्थ्यो । काम गर्ने क्रममा क्रिष्ट बैंक, एभरेष्ट बैक, जनता बैक, एस वि.आई बैंक, विभोर बैंकहरुका विभिन्न शाखाहरु लगायत अन्य ठुला ठुला व्यावसायिक प्रतिष्ठानहरुको बायरिङ्ग लगायत नेटवर्किङ्ग, सि.सि. क्यामेरा जडान जस्ता आई.टि सम्बन्धी काम मेरै नेतृत्वमा गर्नु पर्थ्यो । हालसालै मैले सि.टि.ई.भि.टि.को सीप परिक्षण तह ३ सम्म पनि पास गरि सकेको छु । २०७० साल चैत्र महिनामा एउटा विज्ञापन देखें । जनता बैंकमा एक जना ईलेक्ट्रिसियनको माग रहेछ । दरखास्त दिए । झण्डै ९० जनाको निवेदन मध्ये मेरो नाम निक्लियो । अहिले म जनता बैंक नेपाल लिमिटेडको बानेश्वर शाखामा कार्यरत छुँ । तलब रु. १६००० र अन्य सुविधाहरु पनि छ । त्यसैले मैले सीपमूलक तालीम एक अत्यावश्यक चिज हो भन्ने ठान्छु । विदेश गएर दुःख गर्नु भन्दा सीप सिकेर स्वदेशमा काम गर्न पाउँदा म निकै हर्षित छु ।

विगत ५ वर्षभित्र मैले धेरै दुःख गरें, दुःख गरे अनुसारको प्रतिफल प्रति म अत्यन्त सन्तुष्ट छुँ । आफ्नो परिवार खुसी साथ राखेको छु । समाजमा एउटा पहिचान बनाएको छु । तन मन लगाएर काम गरे सफल भईन्छ भन्ने मलाई लागि रहेको छ ।

अन्त्यमा, मेरो भविश्यको निर्माता युसेप नेपाल नै हो भन्न चाहन्छु । धन्यवाद छ युसेप नेपाललाई । तपाई साथीहरुलाई पनि सीपमूलक तालिम लिन र मेहेनत गर्न सुझाव दिन चाहन्छु । आफ्नै देशमा दुःख गर्नु होस् अवसर यहि नै छ भन्न चाहन्छु । सीप अनुसार काम पाउने थलो हो युसेपको छहारी । मेहेनत गर्दे जानुपर्छ, सफल अवश्य भइन्छ ।

**— धर्म बडुवाल**
**प्रशिक्षार्थी, हाउस वायरिङ्ग- २०६६**

# युसेप र मेरो जीवन

निश्चय पनि जीन्दगी परिवर्तनशील छ । चाहे सकारात्मक होस् चाहे नकारात्मक । यत्ति हो आफू कुन दिशा तर्फ उन्मुख छु त्यसको मूल्याङ्कन गरेर कार्य सम्पादन गर्नुपर्छ । कार्य सम्पादनको यो भागम भागमा अर्थात् जीवन यापनको सिलसिलामा प्रत्येक मान्छेको एउटै चाहना हुन्छ (प्राप्ति, सफलता । सफलताको कहानी सुन्न र पढ्न अनि त्यसको कल्पनामा डुब्न जति कर्ण प्रिय हुन्छ त्यतिनै कठोर हुन्छ त्यसको प्राप्ति । पक्कै पनि परिश्रम, लगनशीलता अनि धैर्य ती कडिहरु हुन् जसले मान्छेलाई सफलताको शिखरतिर डोहोऱ्याउंदछ तर के प्रत्येक मान्छे त्यो मार्गमा अडिग हुन सक्छ त ? मूल प्रश्न यही हो । किनभने यही प्रश्नको स्पष्ट जवाफले मात्र सफलता र असफलताको नियतिलाई निर्धारण गरेको हुन्छ । म, आफू स्वयं पनि सफलतातिर अभिमुख छु वा छैन भन्ने कुरामा स्पष्ट छैन तर म गर्वसाथ भन्न सक्छु । युसेपसंगको सहवासले मेरो जीन्दगीमा नयाँ सकारात्मक परिवर्तन आएको छ । यो परिवर्तन नै मेरो सफलता हो । हो, मैले युसेपबाट प्राप्त गरेको मोवाइल मर्मत संबन्धी ज्ञानलाई प्रयोग गरेर कुनै उदाहरणयोग्य व्यवसायी बन्न सकेको छैन । हो, मैले त्यो ज्ञानको माध्यमबाट कुनै ठूलो कम्पनीमा रोजगारी प्राप्त गर्न सकेको छैन तर युसेपले दिएको जीवनोपयोगी शिक्षा र व्यवहारवादी ज्ञानले तालिम अगाडिको म र तालिम पछाडिको ममा धेरै परिवर्तन ल्याइदिएको छ ।

न्यून मध्यमवर्गिय परिवारमा हुर्केर जिन्दगीको २६ औं वसन्तमा आइपुग्दा सम्म पनि म एक अत्यन्त सामान्य मानिस थिएं । बेरोजगार त थिए नै तर थिएं सिप विहिन पनि । त्यसले ममा मानसिक तनाब बढाएको थियो । साथिहरुसंग बेफ्वांकमा घुम्न जानु, मद्यपान अनि धुम्रपानको कुलतमा फसेर तनावमुक्तिको ढोंग रच्नु मेरो जीवनचर्या थियो । वास्तवमा म के गर्दैछु र के गर्न चाहन्छु भन्ने कुरामा नै म स्पष्ट थिइनं । त्यही क्रममा मैले युसेपबाट मोबाइल मर्मतको तालीम लिने निर्णय गरें । सांचो भन्नुपर्दा त्यो निर्णय मैले गम्भिर रुपमा सोचेर गरेको निर्णय थिएन । म खाली थिएं । त्यसैले लिइ हेरौं भन्ने कोरा मनसाय मात्र थियो । मलाई थाहा थिएन त्यो कोरा निर्णय पछि गएर मेरो जीन्दगीको एउटा महत्वपूर्ण निर्णय सावित हुनेछ ।

युसेपले ममा आत्मविश्वास पैदा गरिदिएको छ । त्यो आत्मविश्वासले गर्दा आज म जीन्दगीको उद्देश्यप्रति स्पष्ट छु । युसेपले मेरो व्यवहारमा परिवर्तन ल्याइदिएको छ । कसैले दिएको उपयोगी ज्ञान र सल्लाहलाई उपेक्षा गरेर हिंड्ने म आज प्रत्येक मान्छेको धारणालाई सम्मान गर्ने भएको छु । युसेपले मलाई सिप दिएको छ जसको उपयोग गरेर म आज केही न केही आर्थिक उपार्जन गरि रहेकोछु र मलाई विश्वास छ म अझ उन्नति गर्दै जानेछु । समग्रमा भन्नुपर्दा युसेप नै हो जसले मलाई जीन्दगीको नयाँ आयामसंग साक्षात्कार गराइदिएको छ । जीन्दगीमा सिक्नु एउटा कुरा हो, सिकेर त्यसलाई बुझ्नु अलग कुरा हो, सिकेर अरुलाई सिकाउनु अझ पृथक कुरा हो अनि सिकेको कुरा व्यवहारमा लागु गर्नु चाहिं सबैभन्दा महत्वपूर्ण कुरा हो । हो, मैले युसेपबाट सिकेको सिप र जीवनोपयोगी ज्ञानलाई व्यबहारमा लागु गरेको छु सानो



तिनो मोवाइल मर्मतको कार्यहरु गरि रहेको छु र यही नै मेरो कथा हो । यो मेरो कथा अरु सफलताको कथाहरु जस्तो उदाहरणीय बन्न नसक्ला तर म के कुरामा विश्वास गर्छु भने सफलतालाई ठूलो अथवा सानो स्वरुपमा ढालेर हेर्न मिल्दैन । युसेपले जुन् सफलता मलाई दिलाइदिएको छ त्यो मेरो जीन्दगीको महत्वपूर्ण उपलब्धि हो र म विश्वस्त छु । म अझ अगाडि बढ्नेछु ।

ध्यान दिइ यताउति - नजर एकताल फालौं अब
युसेपको छहारीमा, आफ्नो शिर हालौं अब

आवाराझैं भौंतारिदै कति दिन दगुरियो
युसेपको मार्ग भित्र, पाइलाहरु चालौं अब

सिप छैन - केही छैन, जीन्दगीनै अन्धकार हो
युसेपको रोसनीले, कमजोर प्वाल टालौं अब

किन पर्ने अर्काको भर दुइ पैसा कमाउन ?
युसेपको सहारामा, पराश्रितता ढालौं अब

बग्नुपर्छ पसिना - ढुङ्गाबाट मुल फुट्छ
युसेप छ है सिकाउने - लगनशीलता पालौं अब

**गजेन्द्र कुमार साखकर्मी**
**प्रशिक्षार्थी मोबाइल रिपयेरिङ्ग ILEAD १०औं समुह**

## म र युसेप

मेरो मनको ढोका खोली आयौं युसेप तिमी
एकलयात्री भई हिड्डै थिएं साथ दिन आयौ युसेप तिमी

एकान्तमा वसी जिवनलाई धिकार्दैथे
साहस र आँट दिन आयौ युसेप तिमी

खरानी भई उड्न लागेको मेरो जिवन
थामि दिन आयौ युसेप तिमी

थाकि सकेका मेरा यी पाईलाहरु
थकानको प्यास मेटाउन आयौ युसेप तिमी

मलाई मात्र नभएर गरिव दिन दुःखीलाई
साहारा दिई आत्मावल बढाउने आँट दियौ युसेप तिमी

**ममिता गुरुङ्ग ( अभागी),**
**प्रशिक्षार्थी, अफसेट प्रिन्टिङ्ग प्रेस ट्रेड,- २०७०**

# तालीमले मेरो जीवनमा परिवर्तन ल्यायो ।



थसी गा वि स वडा ९ का प्रल्हाद श्रेष्ठले कहिल्यै सोचेका थिएनन् उनी प्रशिक्षक बनी कुनै ट्रेनिङ्ग इस्टिच्युट चलाउने छन् भनेर । एउटा सामान्य कृषक परिवारमा जन्मेका उनी पढाइमा सधैं अब्बल रहन्थे । कृषिमा आश्रृत उनको दुइ दिदी अनि दुइ भाइहरु सहितको ठूलो परिवारमा तब आपत आइलाग्यो जब उनको बुवाको अल्पायु मै निधन भयो । बुवाको निधन पश्चात परिवारको जेठो छोरा भएकोले सम्पूर्ण जिम्मेवारी उनी माथि नै आइलाग्यो । दिदीहरुको विवाह भै सकेको र भाइहरु सानै भएकाले एस एल सी सम्म सधैं अव्वल रहेका उनले त्यो भन्दा अगाडिको पढाइ भने पुरा गर्न पाएनन् । आफ्नो थुप्रै खेतवारी भएपनि काम गर्ने व्यक्ति कोही नहुँदा आफै दिनहुँ खटेर काम गर्थे । तर उनलाई खेतीपाती प्रति खासै रुचि भने थिएन । उनी सधैं अरु के काम गर्न सकिएला भनि घोत्लि रहन्थे । यसै क्रममा उनले घर जग्गा ठेक्का पट्टाको काम पनि गर्ने कोशिस गरे । तर त्यो काममा पनि लामो समय टिकि रहन गाह्रो भयो । यतिकैमा एक जना दाइको सल्लाहमा उनले व्यावसायिक तालीम लिने विचार गरी युसेप नेपालको iLEAD परियोजना अन्तरगतको कार्यक्रममा मोवाइल रिपेयरिङ्ग विषयमा नि:शुल्क तालीम लिए । यस तालीमले उनको जीवनमा ठूलो परिवर्तन ल्यायो तालीममा दिइने प्राविधिक ज्ञान वाहेक विभिन्न व्यवहारिक एवं जीवनोपयोगी सीपहरुले एकातिर उनको आत्म विश्वास बलियो बनाइ रहेको थियो भने अर्को तिर अरु साथीहरुले झैं आफू पनि केही गरु भनि झक्झकाइ रहेको थियो । तालीम पश्चात जागिर लगाउन अरु पेशाको तुलनामा यो पेशामा अलि मुस्किल हुने भएकोले उनले आफ्नै घरमा सानो मोवाइल मर्मत पसल खोले । यस पसलबाट उनलाइ रामै आम्दानी हुनथाल्यो दिनमा करिव रु १००० कमाइ हुन्थ्यो पसल राम्ररी चल्न थाले पछि उनी फेरी मोवाइल मर्मत सम्वन्धी तालीम दिने Institute खोल्ने विचार गरेर साथी संग मिलेर Ohm Institute शुरु गरे । चावेलबाट शुरु गरेको यो Institute अहिले थसि गा वि स मै रहेको छ । हाल मोवाइल मर्मत साथै कम्पुटर हार्डवेयर र सफ्टवेयरको पनि तालीम दिने गरेको छ । दुइ महिने मोवाइल मर्मत तालिमको रु ८००० मा सिकाइ रहेका उनी आफूले लिएको तालीम र आफूले दिने तालीममा के फरक छ भनि सोध्दा हाँस्दै अरु त उस्तै हो तालीमलाई अलि नयाँ ढंगले दिने कोसिस गर्छु जसको लागि Internet मा search गरि आफुलाई नयाँ टेक्नोलोजी संग अपडेट गराइ राख्छु र हरेक कक्षामा नयाँपन दिने कोसिस गर्छु । भविश्यमा CTEVT को सम्वन्धन लिइ तालीम सञ्चालन गर्ने उनको उद्देश्य रहेको छ ।

## पुनः श्रम स्वीकृति सम्वन्धी सूचना

**वैदेशिक रोजगारीवाट भिषाको म्याद थप गरी आएका कामदारले पुन: रोजगारीमा जाँदा श्रम स्वीकृतिको म्याद ९० दिन (३ महिना) भन्दा कम भएमा वैदेशिक रोजगार बिभागवाट पुन: श्रम स्वीकृति लिनु पर्दछ। ९० दिन (तीन महिना) भन्दा कम श्रमको म्याद भएमा एयरपोर्टवाट श्रम कक्षवाट उड्न अनुमति दिइने छैन। श्रम स्वीकृतिको म्याद समाप्त भए पश्चात कुनै भवितव्य परेमा सम्वन्धित बीमा कम्पनीवाट बीमा रकम र बोर्डवाट आर्थिक सहायता समेत पाइने छैन।**

१. **भिषा सहितको पासपोर्टको फोटोकपी, आगमन (Arrival) देखिनु पर्दछ।**
२. **कल्याणकारी कोषमा रु.१०००/- (एकहजार) जम्मा गरेको रसिद।**
३. **कम्तिमा २ वर्षको बीमा गराएको कागजात (उमेर अनुसारको शुल्क लाग्दछ)**
४. **पुन: श्रम स्वीकृतिका लागि निवेदन फाराम (वैदेशिक रोजगार बिभागवाट रु.१०/- (तिरी प्राप्त गर्न) सकिन्छ।**

**थप जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्नुहोस् वा फोन गर्नुहोस् ।**

वैदेशिक रोजगार बिभाग
तीनकुने, काठमाण्डौं।
फोन नं. ०१- ४४६१२९५/४४६१२९९
हट लाइन :- ४११२३५०

बैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालय
फोन नं. ०१-४१०२७११
Website: www.fepb.gov.np

वैदेशिक रोजगार सूचना कक्ष
(त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल)
०१-२०२३२१२

आप्रवासी स्रोत केन्द्र, टोल फ्री नं. १६६००१५०००५

"सुरक्षित वैदेशिक रोजगार, हामी सवैको सरोकार"

# नेपालमा ग्रील तथा स्टील व्यवसायको आवश्यकता, सम्भावना र चुनौती

नेपालभर सञ्चालित सम्पूर्ण मेटल फेब्रिकेटर्सहरुको एकमात्र छाता संगठन ग्रील तथा स्टील व्यवसायी महासंघ नेपालले ग्रील व्यवसायीहरुको हकहितको संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गर्दै यो व्यवसायलाई व्यवस्थित र मर्यादित पेशाको रुपमा स्थापित गरी आम उपभोक्तालाई सर्वसुलभ मुल्यमा गुणस्तरीय सेवा प्रदान गर्न प्रोत्साहित गर्दै आईरहेको छ । औद्योगिक तथा उत्पादनमूलक क्षेत्रमा खास लगानी हुन नसकी देशमा बेरोजगारीको चरम संकट गहिरिंदै गएका बेला देशभरका नौ हजारभन्दा बढीको संख्यामा रहेको यस ग्रील तथा स्टील व्यवसायले दक्ष र अर्धदक्ष गरी एकलाख पचास हजार भन्दा बढी युवाहरुलाई रोजगारी दिदै आएको छ । यसका अतिरिक्त महासंघले व्यवसायीको आफ्नै लगानीमा तथा युसेप नेपाल, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी आयोजना, पञ्चकन्या तालिम केन्द्र लगायत बिभिन्न संघ संस्थाहरुसंग मिलेर प्रत्येक बर्ष पाँच हजार बढी गरिब, दलित, पिछडिएका र उच्च शिक्षा हासिल गर्न नसकेका बेरोजगार युवाहरुलाई तालिममा सहभागी गराएर दक्ष बनाई रोजगारी समेत दिदै आईरहेको छ । नेपालका व्यवसायीबाट तालिम पाएका ग्रील जनशक्तिले बिदेशमा समेत उच्च पारिश्रमिकमा काम गरी देशमा ठूलो परिमाणको रेमिटान्स भित्र्याएका छन्, जसले देशको अर्थतन्त्रमा समेत टेवा पुगेको छ ।

बिगतका दिनमा अर्बौं रुपैया तिरेर देशमा आवश्यक पर्ने ग्रीलजन्य सम्पूर्ण सामग्रीहरु बिदेशबाट आयात गर्नुपर्ने बाध्यताका विचबाट काम शुरु गरेका हामी ग्रील व्यवसायीले अहिले स्वदेशी बजारमा नै आधारभूत मागको शतप्रतिशत हिस्सा विकास गरी लगभग : आयातलाई प्रतिस्थापन गर्न सफल भएका छौं । आज देशमा निर्यात भन्दा आयात बढेको अवस्थामा ग्रील व्यवसायको विकासका कारण ग्रीलजन्य सामानको आयातलाई प्रतिस्थापन गर्न सफल भई अरबौ रुपैया विदेशिनबाट जोगिएको छ

ग्रील व्यवसायलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्ने ठुलाठुला रोलिङ मिलहरुको स्थापना भई हजारौंको संख्यामा रोजगारी श्रृजना भएको छ भने अर्कातर्फ राज्यलाई समेत ठुलो परिमाणको राजस्व प्राप्त हुन थालेको छ । यसअघि पूर्वाधार विकास र विशेषगरी घरआवास बनाउने क्रममा अत्याधिक मात्रामा काठको प्रयोग हुने गरेकोमा बनविनास चुलिएर वातावरणमा प्रतिकूल प्रभाव परेका तथ्यलाई आत्मसात गर्दै त्यसको बिकल्पको रुपमा ग्रील व्यवसायीले उत्पादन गरेको फलाम र धातुजन्य निर्माण सामग्रीको प्रयोगको कारण बन बिनास रोक्न, वातावरण स्वच्छ राख्न र भूक्षय कम गर्न समेत मद्दत पुगेको छ, जसले पछिल्ला दिनमा ग्रील व्यवसायको महत्व बढेको छ । देशको चुलिंदो राजनैतिक अस्थिरता र त्यसले पैदा गरेको बन्द, हडताल, चक्काजाम, हत्या, अपहरण, श्रमिक समस्या र लामो विद्युत कटौती (लोडसेडिङ) का बाबजुत पनि ग्रील व्यवसायले बार्षिक झण्डै बिस अर्ब रुपैयाँ भन्दा बढी मूल्यका ग्रीलजन्य सामानहरु फेब्रिकेटिङ गरि बजारको माग बमोजिम पूर्ति गरिरहेको छ । आजका दिनमा आएर यो व्यवसाय घरका लागी आवश्यक पर्ने ग्रील जन्य सामाग्री देखी लिएर पोल, पुल, टावर टर्वान, झोलुङ्गेपुल, बेलिब्रिजको काम समेत गर्न थालिएको छ, भने एक पटक प्रयोग भएको फलाम बिग्रिएपछि पुन प्रयोगमा ल्याउन स्कयाप प्रसोधन गर्ने उद्योगको नेपालमा स्थापना भएको हुंनाले यो व्यवसायको महत्व अझ बढेको छ । आज पनि भारत तथा तेस्रो मुलुक बाट ग्रील जन्य सामानहरु ठुलो मात्रामा आयात भैरहेको छ । नेपालका व्यवसायीलाई नयां प्रबिधिबारेमा तालिम दिएको खण्डमा ती आयातित सामानहरु स्वदेशमै उत्पादन गर्न सकिन्छ । सरकारले व्यवसायिक बातावरण बनाउने, लगानीको सुनिश्चितता गर्ने ,समयमा पूर्ण बजेट ल्याउने, लोडसेडिङको तत्कालिन, अल्पकालिन र दीर्घकालिन बिकल्प खोज्ने र स्पष्ट निती नियमहरु हुने र समयमा कार्यान्वयन तथा अनुगमन गर्ने व्यवस्था भएको खण्ड यो व्यवसायले थप १ लाखलाई रोजगारी दिने र राज्याई ठुलो परिमाणमा राजस्व समेत प्राप्त हुने हुंदा यो व्यवसायका प्रमुख समस्याहरु जुन सरकारले नै पुरा गर्नुपर्ने हो त्यो समयमै संबोधन हुनु जरुरी छ । त्यसै गरी अर्को मुख्य चुनौतीको रुपमा यो व्यवसायमा संलग्न व्यवसायी र कामदार मा आवश्यक ज्ञानको अभावका कारण कामको सिलसिलामा दुर्घटनामा परी ज्यान जाने ,अंगभंग हुने र शारीरिक रुपमा असक्त हुने घटनाहरु बढ्न थालेको छ ।



अधिकाशं उद्योगहरु व्यवसाय सञ्चालन गर्नु पुर्व पुरा गर्नुपर्ने न्यूनतम मापदण्ड (सुरक्षाका उपकरणहरुको प्रयोग जस्तै : चस्मा, पञ्जा, हेलमेट, जुत्ता, पञ्जा, सेफ्टिबेल्ट र सुरक्षित बिद्युत वायरिङ, सुरक्षित कार्यशाला स्थलको व्यवस्था पुरा नगरी उधोग स्थापना गर्ने र यो व्यवसाय सम्बन्धी आवश्यक तालिम नलिकन काम गरेको अनुभवको आधारमा उधोगहरु सञ्चालन गर्नाले जोखिम बढेको अवस्थामा बिषेश गरी युसेप नेपाल लगायत केही संस्था ले जस्ता दक्ष जनशक्ति उत्पान गर्ने गरेको र त्यहांबाट उत्पादित दक्ष जनशक्तिबाट काम गराउंदा कामको गुणस्तर र सुरक्षित तरिकाले कार्यसम्पादन गर्ने भएको हुंदा यस्ता संस्थाहरुलाई समयानुकुल थप सुबिधाहरु दिएर सकिय एवं उपलब्धिमुलक बनाउनुपर्दछ । यी संस्थाबाट उत्पादित दक्ष जनशक्तिले देशमा अत्यावश्यक सेवा प्रदान गर्दै आईरहेको ग्रील व्यवसाय लगायत अन्य व्यवसायको प्रर्बधन र बिकासमा टेवा पुगेकोछ । अत : बिकास निमार्ण, सुरक्षा र सजावट एवं काठको बिकल्पको रुपमा राम्रो सम्भावना बनेको ग्रील तथा स्टील व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन आम उपभोक्ता,सरोकारवाला सबैको ध्यान केन्द्रित हुनु जरुरी छ ।

———— मोहन कटुवाल
केन्द्रिय अध्यक्ष, ग्रील तथा स्टील व्यवसायी महासंघ नेपाल

**वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पश्चात नेपालमा धेरै गैर सरकारी संस्थाहरु स्थापना हुनपुगे । स्थापित गैससंले सामाजिक विकासका विभिन्न क्षेत्रहरुमा आफ्नो उद्देश्यहरु मुताविक क्षमता र दक्षता अनुसार विभिन्न एजेण्डाहरुमा काम गर्दै आइरहेका हुन् । भ्वाइस अफ चिल्ड्रेन पनि त्यसै अनुरुप सडक वालवालिका र यौन दुर्व्यवहार मा परेका बालबालिका र उनीहरुको परिवारको दिगो विकासको लागि कार्यरत एक गैर सरकारी संस्था हो । विगत १४ वर्ष देखि भ्वाइस अफ चिल्ड्रेन र युसेप नेपाल विच व्यवसायिक तालीमका लागि समन्वयात्मक क्रियाकलापहरु संचालन भइरहेको छ । सडक बालबालिकाको दिगो विकासको क्षेत्रमा भइरहेका विषयवस्तुहरुको वारेमा सोहि संस्थाका आर्थिक विकास कार्यक्रम अधिकृत श्री तिलकराम घिमिरेसंग रुपान्तरण पत्रिकाका प्रतिनिधिले गरेको अन्तर्वाता:-**



**तपाई भ्वाइस अफ चिल्ड्रेनलाई कसरी चिनाउनु हुन्छ ?**

यो विगत १४ बर्ष देखि सडक बालबालिकाहरु सगैं रहेर अनवरत रुपमा कार्यरत एक गैर सरकारी संस्था हो । स्थापनाकाल देखि नै यस संस्थाले बालबालिकाहरुलाई सडकमा आउन नदिन रोकथाम गर्ने, सडकमा आइसकेकाहरुको लागि उद्धार, पुनस्थापना र पुर्नमिलनको क्षेत्रमा कार्यरत छ । सडकमा बालबालिकाहरुका लागि यस संस्थाले संचालन गर्ने आफ्नो गतिविधिहरु समयानुकुल बनाउदै आइरहेको छ । यसले मुख्य रुपमा २ वटा परियोजना संचालन गर्दै आइरहेको छ ।

क. सडकबालबालिका सम्वन्धि परियोजना :

जसमा बालबालिकाहरुलाई सडकमा आउनबाट रोक्न, रोकथामका लागि परिवारलाई सवल बनाउने, उच्च जोखिम समुदायमा गएर रोमथामका कार्यक्रमहरु संचालन गर्ने , सडकमै गई चेतनामुलक कार्यक्रमहरु सचांलन गर्ने, सडकबाट उद्धार गरी पुर्नस्थापनाको अभ्यास गर्नुको साथ साथै सडक जीवनमा पुनः नर्फकिउन भन्ने हेतुले उनीहरुबाटै योजना बनाई उनीहरुकै प्रत्यक्ष सलंनतामा परिवार, बैकल्पिक परिवार तथा समुदायमा पुनर्स्थापना गराई अनुगमन तथा सशक्तिकरण गराउदै आइरहेको छ, साथै आर्थिक सवलीकरणका लागि विभिन्न किसिमका सीप तथा क्षमता विकास गराई आर्थिक आय आर्जनको क्षेत्रमा विभिन्न कियाकलापहरु सञ्चालन गर्दै आईरहेको छ । र अर्को कार्यक्रम भनेको

ख. बालयौन दुर्व्यवहार विरुद्दको परियोजना :

जस अर्न्तगत पनि जनचेतना जगाउने, विभिन्न स्थानमा गई अभिमुखि करण कक्षा संचालन गर्ने, बालयौन दुर्व्यवहारको घटनामा उद्धार गरी पिडितलाई पुर्नस्थापना गराई वकालत गर्ने र न्याय एवं क्षतिपुर्ति दिलाउने काममा सहयोग गर्दै आइरहेको छ ।

**सडक बालबालिकाहरुसंग काम गर्ने धेरै सघं-सस्थाहरु मध्ये भ्वाइस अफ चिल्ड्रेनलाई कुन अर्थमा फरक र सफल ठान्नु हुन्छ ?**

सडकमा बस्ने र काम गर्ने त्यस्ता बालबालिकाहरुका निम्ति काम गर्ने उद्देश्यले धेरै संस्थाहरु स्थापना नभएका होइनन् । अहिले पनि संख्यात्मक रुपमा धेरै संस्थाहरु कार्यरत छन् तर भ्वाइस अफ चिल्ड्रेन कुन मानेमा चाहिँ फरक छ भने यसले "सडक बालबालिकाहरुका लागि होइन" कि "सडक बालबालिकाहरु सगं" चाहीं काम गर्छ । हामी कुनै फरक काम गर्दैनौ मात्र केहि फरक ढंगले चाहीं गर्छौ । हाम्रो काम गर्ने छुट्टै रणनिति छ । हामीले विशेष गरी "आवश्यकतामा आधारित" रही सडक बालबालिकाहरु सगैं र हेर उनिहरुको प्रत्यक्ष संलग्नतामा बनाएको कार्य योजनालाई आधार बनाई गतिविधिहरु संचालन गर्ने गरेका छौं । जसले गर्दा भलै सख्यात्मक रुपमा कम होला तर गुणस्तरिय काम गर्ने गरेको छौं भन्नेमा चाहि हामी गर्व गर्न सक्छौं ।

यस संस्थाले संचालन गरेको हरेक कार्यक्रमहरु प्रत्यक्ष रुपमा सडक बालबालिकाहरु सगैं अन्तर सम्बन्धित भएको कारण सडकमा बालबालिका आउन नदिन र आएकाहरुको सवालमा सडकबाट विस्तापन गराई सवल एवं जिम्मेवार बनाएर परिवार मै पुर्नमिलन गर्ने काममा सफल छ । तर मैले अन्य संस्थाहरुलाई चाहीं असफल भए भनेर भन्न खोजेको पक्कै होइन ।

**यस संस्थाले सडक बालबालिकाहरुलाई आत्मनिर्भर बनाउने काममा कसरी सहयोगगरिरहेको छ ?**

सडक बालबालिकाहरुलाई उद्दार गर्ने समय देखि नै हामीले उनीहरुलाई जीवनपयोगी सीपको विकासको अभ्यास गराइन्छ । त्यहिँबाट उनीहरुलाई स्ववलम्वन बनाउन अभिप्रेरित गरिन्छ, यस संस्थामा त्यस्ता लक्षित वर्गहरुलाई आत्मनिर्भर बनाउने एउटा छुट्टै कार्यक्रम छ । आर्थिक विकास कार्यक्रम मार्फत त्यस काममा सहजिकरण गरिन्छ । पुर्नस्थापना केन्द्रमा रहेका युवावर्ग वा परिवार मा पुनर्मिलन भइसकेका पुर्व सडक बालबालिकाहरुका लागि मात्र नभई उनीहरुसगं प्रत्यक्ष सरोकार राख्ने परिवारका सदस्यहरु, सडक बालबालिकाहरुको रोकथामको कार्यक्रम सञ्चालन भएका क्षेत्रका युवावर्गहरुको लागि, बालयौन दुव्यवहारको बिरुद्दको

# हेवि ईक्युप्मेण्ट मेकानिक ट्रेड

प्राविधिक शिक्षा तथा सीप विकासका क्षेत्रमा सफल र छुट्टै पहिचान बनाउन सफल संस्थाका रुपमा रहेको सानोठिमी प्राविधिक शिक्षालयले देश तथा विदेशमा समेत अत्याधिक माग भएको प्राविधिक जनशक्ति उत्पादन गरेर व्यक्तित्व बिकास तथा राष्ट्र बिकासका लागि समेत टेवा पुरयाउदै आएको छ । आजका दिन सम्म आइपुग्दा २० वटा भन्दा बढि बिभिन्न सिपमूलक तालीमहरु संचालन गरी आवश्यक दक्ष जनशक्ति तयार गर्दै आएकोमा समय तथा बजारका माग अनुरुप एउटा प्राविधिक तालीमको सुरुवात गरेको छ । हेभि इक्युपमेन्ट मर्मत तालीम प्रजातन्त्रको उदयसँगै नेपालमा बिभिन्न प्रकृतिका बिकास निमार्णका कार्यहरु भईरहेका छन् । साथै सम्बृद्धी तर्फ उन्मुख संसारका धेरै जसो राष्ट्रहरुमा पनि यस्ता कैयन कार्यहरु भईरहेका छन् । जस्मा यस्ता हेभि इक्युपमेन्टहरु अत्याधीक मात्रामा प्रयोगमा आईरहेका छन् । जतातर्तै देखिन थालेका छन् यस्ता यन्त्रहरु तर विडम्बना यस्ता मेशिनहरुमा सामान्य खराबी मात्रै आएको खण्डमा पनि यसलाई र्ममत गर्न सक्ने प्राविधिक जनशक्ति नगन्य संख्यामा मात्रै उपलब्ध छन् अझ नेपालमा त झनै औंलामा नै अटाउने संख्यामा । मसिनमा अलि जटिल समस्या देखापरेमा त झन छिमेकी राष्ट्रबाटै प्राविधिक झिकाउनु पर्ने हुन्छ । यसो गर्दा कहिले त मसिनको कुल मुल्यको आधा जसो नै खर्च गर्नु पर्ने हुन्छ । उक्त मेसिन नै कवाडीमा बेच्नु पर्ने बाध्यता आउछ । यहि सत्यतालाई महशुस गरेर सानोठिमी प्राविधिक शिक्षालयले यसै आर्थिक बर्ष २०७१ श्रावण सत्र बाट हेभि इक्युपमेन्ट मर्मत तालीम संचालनमा ल्याएको छ ।



## तालीम दिने तरिका

४ महिने अवधिको यो तालीम हेभि इक्युपमेन्टहरुमा देखा पर्ने विभिन्न किसिमका समस्याहरु र तिनका मर्मत विधिहरु इन्जिनको समस्यामा इन्जिन खोल्ने, सिलिन्डर हेड मर्मत गर्ने, इन्जिन ब्लक मर्मत गर्ने, पिस्टन रिङ्ग लगायत अन्य त्यसमा लागेका बेरिङ्गहरुका साथै कयाक केम लाई टर्निङ्ग गरि इन्जिनलाई पूर्ण जडान गराइने त्यस्तै हाइड्रोलिक सिस्टममा हाइड्रोलिक पम्प मर्मत गर्ने, भल्भ अडजस्टमेन्ट गर्ने ज्याम मर्मत गर्नुका साथै टुटफुट भएका प्रेसर पाइपहरु परिवतन गर्ने त्यस्तै ब्रेक सिस्टममा आएका खराबीहरुलाइ मर्मत गर्ने, मास्टर सिलन्डर व्हील सिलिन्डर, एयार ब्रेक सिस्टमको मर्मत गर्ने भ्याकुम च्याम्बरहरु मर्मत गर्ने,सम्पूर्ण इलेक्ट्रिकल सिस्टम मर्मत गर्नुका साथै सम्पूर्ण पार्टसहरु एसेम्वेल र डिसेम्वल (खोल फिट) गरि पूर्ण रुपमा चालु अवस्थामा ल्याउने यी सम्पूर्ण कुराहरु लाई तिन महिनाको अवधिमा सैद्धान्तिक, व्यवहारिक, प्रयोगात्मक श्रव्य दृष्य बस्तुगत अध्यापन गराइने अवलोकन भ्रमणहरु गराइने तथा अन्तमा १ महिना कार्य क्षेत्रमै On the Job Training पठाउने व्यवस्था रहेको छ ।

## अवसर

निर्माण सम्वन्धि कार्यहरु दिनो दिन वृद्धिहुदै गइरहेको अवस्थामा यस्ता हेभि इक्युपमेन्टहरुको प्रयोग पनि अत्यधिक भइरहेको र तिनीहरुमा यान्त्रिक समस्या हरु पनि धेरै देखिने भएकाले त्यसको ममर्तका लागि दक्ष जनशक्ति अत्यन्तै आवश्यक छ । त्यसैले हेवी इक्युपमेन्ट मर्मत गर्न सक्ने जन शक्तिले देश तथा विदेशमा समेत तुरुन्त र आर्कषक पारिश्रमिकमा रोजगारी प्राप्त गर्न सकेका छन् र यसको माग अझ बढ्दै आइरहेको छ । त्यसैले हेवि इक्युपमेन्ट मर्मत तालीममा रोजगारीको ग्यारेन्टी लिन समेत सकिने अवस्था रहेको छ ।

## युसेपको पहिचान गरौं

सबै किशोरी मिलेर, युसेपको पहिचान गरौं
हामी युसेपमा आएर, आफैं सक्षम बनौं
आफ्नै हो यो ठाउँ, आफैं लिऊँ नाऊँ
किशोरीहरु सबैले जीवन सम्हालौं

समयले हुन्छ हाम्रो भेट युसेपबाट हुन्छ प्रगती
एकजुट भई बनाऊ अब हाम्रो जिन्दगी
घाँस, दाउरा गर्नुपर्छ नाम्लो, डोको बोकी
अब हामीले फिजाउँ साथी आफ्नो सीपको डोरी

युसेपबाट सिकेर जाऊँ सानो सीप आज
युसेपले नै ल्याउँछ परिवर्तन हामी सबैको माझ
जीवन परिवर्तन हुन्छ युसेपमा आएर
खुसी छौं हामी ज्ञान र सीप पाएर

परिवर्तन ल्याउनलाई अघि बढौं साथी
रितीले थिचिएका हामी सबै माथी
अन्धविश्वासलाई हटाइ बाचौं साथीभाइ
आफ्नो जीवन बनाउन आफैं जुटौं है

फुल कुमारी डिमडुङ
प्रशिक्षार्थी, प्लम्बिङ्ग ट्रेड

# शिक्षालय गतिविधि

## समुदाय परिचालन कार्यक्रम

शिक्षालयले विभिन्न स्थानहरुमा शिक्षालयका कर्मचारी, प्रशिक्षक र पूर्व प्रशिक्षार्थीहरुको सहयोगमा शिक्षालयमा सञ्चालन हुने तालीमको लागि समुदाय परिचालन कार्यक्रम निरन्तर रुपले गर्दै आएको छ । यसबाट शिक्षालयको लक्षित वर्गका रुपमा रहेका विपन्न तथा बेरोजगार युवा युवतीहरु लाभान्वित भएका छन् । करिब ६ महिनाको अन्तरालमा विभिन्न व्यक्ति तथा संघ संस्थाहरु, स्थानिय युवा क्लब आदिको सहयोगमा कूल ९ पटक समुदाय परिचालन कार्यक्रम (CMD) सञ्चालन भयो ।

## जीवनोपयोगी सीप र परामर्श कक्षा

तालीम मात्र प्रशिक्षार्थीहरुका लागि पूर्ण नहुने, सीप संग संगै बाहय पक्षले हेर्ने अन्य कुराहरु जस्तै कार्यस्थानमा अनुशासनको पालन, समय व्यवस्थापन, काममा आत्मविश्वास, सकारात्मक सोच, ग्राहकहरुसंगको समन्वय तथा व्यक्तित्व विकास गर्नका लागि



वस्तुगत तथा विषयगत ज्ञानका साथै व्यवहारिक ज्ञान पनि अपरिहार्य छ । जीवनोपयोगी सीप (soft skills) को आवश्यकता पर्ने कुरालाई ध्यानमा राखी शिक्षालयले विभिन्न विषयमा आवश्यकता अनुसार जीवनोपयोगी कक्षाहरु सम्वन्धित विज्ञहरु तथा प्रशिक्षकको सहयोगमा सञ्चालन गर्दै आएको छ । करिव ६ महिनाको अन्तरालमा ९२ वटा कक्षाहरु सञ्चालन गरियो ।

## व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि EVENT परियोजना अन्तर्गतका ३ महिने तालिम सम्पन्न

EVENT परियोजनाको आर्थिक सहयोगमा छोटो अवधिको प्लम्बिङ्ग र मोटर साइकल मेकानिक तालीम मिति २०७० चैत्र २५ गते देखि ३९० घण्टा संचालन भएको थियो । उक्त कार्यक्रम अन्तर्गत मोटर साइकल मेकानिकमा २३ जना र प्लम्बिङ्ग तालीममा ६ जना प्रशिक्षार्थीहरुले तालिम प्राप्त गरे । तालीमका लक्षित समूह आर्थिक अवस्था कमजोर भएका, विभिन्न कारणले विद्यालय शिक्षा पूरा गर्न नसकेको तर रोजगारमा लाग्न सक्ने युवाहरु रहेका थिए ।

## नेपा टपको सहयोग

नयाँ प्रविधिहरुलाई तालीममा संलग्न प्रशिक्षार्थीहरु जानकारी दिने कार्यक्रमका निरन्तरता दिदैं यस पटक पनि नेपा टपको सहयोगमा १ दिने तालीम संचालन गरिएको थियो । विशेष गरि PPR पाइप जडान सम्बन्धि जानकारी दिने उद्देश्यले आयोजित तालीमबाट प्लम्बिङ्ग तालीममा संलग्न विभिन्न समूहका ४० जना प्रशिक्षार्थीहरुले अवसर प्राप्त गरेका थिए ।

## रोजगार कोषको आर्थिक सहयोगमा



## एलाएन्स नेपाल र युसेप नेपालको सहकार्यमा ३९० घण्टे तालीम सम्पन्न

रोजगार कोषको सचिवालय/हेल्भटास इन्टरकोअपरेसन नेपालको आर्थिक सहयोग र एलाएन्स नेपाल र युसेप नेपालको आयोजनामा रोजगार सृजनाका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत मोटर साइकल मेकानिक, जनरल मेकानिक र टेलरिङ्ग गरि जम्मा ३७ जना युवाहरुलाई तालीममा सहभागि गराएका थिए । तालीम पश्चात स्वरोजगार हुन सक्ने संभावित व्यक्ति यस कार्यक्रमका लक्षित समूह मानिएको थिए । तालीम पश्चात रोजगार खोज्ने भन्दा रोजगार सृजना गर्न सक्ने युवाहरुमा लगानी गर्नु यस कार्यक्रमका उद्देश्य अनुरुप तालीम संगसंगै बृत्ति विकास परामर्श, व्यावसायिक उत्प्रेरणा, वित्तिय साक्षरता, अवलोकन भ्रमण, अन द जब तालिमलाई निकै प्राथमिकता दिइएको थियो । यस अन्गर्तत तालीम प्राप्त



प्रशिक्षार्थीहरुले ६ महिना भित्र रोजगार सृजना गरिसक्ने पर्ने प्रावधान रहेको छ ।

यसै गरि सोही परियोजना अन्तर्गत समृद्धिको बाटो कार्यक्रममा मोटरसाइकल मेकानिक, प्लम्बिङ्ग र ईलेक्ट्रिक गरि जम्मा ५६ जना प्रशिक्षार्थीहरु तालीममा सहभागि भएका छन् । बेरोजगार युवाहरुलाई सिप प्रदान गरि रोजगारको अवसर प्रदान गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो ।

ती दुबै तालीमहरुको तालिम अवधि ३९० घण्टा रहेको थियो ।

## महिलाका लागि अपरम्परागत पेशा सम्बन्धि तालीम

विश्व बैंकको आर्थिक सहयोग र रोजगार कोषको सचिवालय/ हेल्भटास स्वीस ईन्टरकोअपरेशन नेपालको आयोजनामा महिलाका लागि विभिन्न अपरम्परागत पेशाहरुमा (पुरुषले मात्र गर्ने भनिएका



पेशा) मा प्रशिक्षक बन्ने अवसर सहितको तालीम मिति २०७१ असार. ३१ गतेबाट संचालन भएको छ । ३९० घण्टे वेल्डिङ्ग र मोबाइल रिपेयेरिङ्ग तालीममा जम्मा १० जना महिला प्रशिक्षार्थीहरु समावेश रहेका छन् । तालीम पश्चात प्रशिक्षार्थीहरुले प्रशिक्षक बन्ने अवसर प्राप्त गर्ने छन् ।

## अवलोकन भ्रमण

प्रशिक्षार्थिहरुको आत्मवल वृद्धिका लागि शिक्षालयले अपनाएको विभिन्न नीतिमध्ये Exposure visit पनि एक हो । तालीमकै दौरानमा प्रशिक्षार्थीहरुलाई सम्बन्धित विषयको बढि भन्दा बढि ज्ञान दिने उद्देश्यले विभिन्न समयमा भ्रमणको कार्यक्रमहरु तय गरिन्छ । यसै क्रममा यस पटक प्रशिक्षार्थीहरुलाई CIVIL Housing



Company, Down Town Appartment, TVS सो रुम, धन श्री अटो केयर, अक्टोपस होम ब्राण्ड जस्ता कम्पनीहरुमा क्रमश प्लम्बिङ्ग, हाउसवायरिङ्ग, मोटरसाइकल मेकानिक, अटोमोवाइल मेकानिक तालीमका प्रशिक्षार्थीहरुलाई भ्रमण गराइएको थियो ।

## FLC अन्तर्गतका तालीम सम्पन्न

अति सीमान्तकृत समूहमा रहेका चेपाङ, बोटे, बराम जातीका समुदायहरुका लागि फिनल्याण्ड दूतावासको सहयोगमा संचालित कार्यक्रम अन्तर्गत फाल्गुण १ गते, २०७० देखि विभिन्न तालीमहरुमा संलग्न जम्मा ९५ जनाको तालीम सम्पन्न भएको छ । चितवन, गोरखा, मकवानपुर र धादिङ्ग जिल्लाहरुबाट प्रशिक्षार्थीहरुको सहभागिता रहेको छ ।

## Scooty Driving तालीम सन्चालन

बजारको माग अनुसार तालीमहरु प्रदान गर्दै जाने क्रममा हालै मोरङ्ग अटो वर्क्सको सहयोगमा विशेष गरि महिला वर्गको रुचि अनुसार स्कुटी ड्राइभिङ्ग तालीम संचालन भएको छ । तालीमका लागि छुट्टै ड्राइभिङ्ग ट्याक निर्माण गरि संचालन गरेको उक्त तालीममा सुरक्षाका उपायहरुलाई विशेष ध्यानमा राखि प्रशिक्षणको क्रममा हेलमेट, Knee Pad, सेफ्टी ग्लोक्स् इत्यादीको व्यवस्था गरिएको छ । यसको साथै सैद्धान्तिक र टेक्निकल ज्ञानको लागि १ दिने छुट्टै कक्षा पनि रहेको छ ।

## अर्न्तराष्ट्रिय युवा दिवस

मिति २०७१ साल २७ गते अर्न्तराष्ट्रिय युवा दिवसको अवसर पारेर सानोठिमी प्राविधिक शिक्षालयमा युवा र मानसिक स्वास्थ्य विषयक गोष्ठि सम्पन्न भयो । यस अवसरमा सम्पूर्ण प्रशिक्षार्थीहरुका तर्फबाट युवाको मानसिक स्वास्थ्यमा असर पार्न सक्ने मूल मुद्दाहरु के के हुन सक्छन्, मानसिक स्वास्थ्य भनेको के हो , मानसिक रुपले स्वस्थ रहने उपायहरु के कस्ता छन्,आदि विषयमा छलफल



गरिएको थियो । सवैजसो प्रशिक्षार्थीले देशमा व्याप्त वेरोजगारी नै युवाहरुलाइ मानसिक रुपले वढी तनाव दिने विषय मानेका छन् । कार्यक्रमा विभिन्न समुहमा विभाजित भइ छलफल गरिएको भएता पनि अन्तिममा एक जना पुरुष र एक जना महिला प्रशिक्षार्थीले

आ-आफ्नो समुहको प्रतिनिधित्व गर्दै यस विषयमा आफ्ना विचार प्रस्तुत गरेका थिए। कार्यक्रममा सानोठिमी प्राविधिक शिक्षालयका प्रिन्सिपल श्री चन्द्र कुमार ढुंगाना, युसेप नेपाल उप निर्देशका श्री केशव सुवाल का साथै अन्य कर्मचारी, प्रशिक्षकहरु र विभिन्न कलेजबाट आएका Volunteers एवं सम्पूर्ण प्रशिक्षार्थीहरुको उल्लास पूर्ण सहभागिताले कार्यक्रमको शोभा वढाएको थियो ।

## कर्मचारी तालीम

कर्मचारीहरुको बृत्ति विकासका लागि समय समयमा आवश्यकता अनुसार तालीममा पठाउने व्यवस्था अनुसार कोलोम्बो प्लान स्टाफ कलेज फर टेक्निकल एजुकेशनको समन्वयमा सि.टि.ई.भि.टि.द्वारा सचालित ५ दिने Enterprineurship Education in TEVT तालिममा प्लेसमेन्ट अफिसर सन्जु बज्राचार्य, MAW को चेन्नाई अवलोकन भ्रमणमा प्रशासनका तर्फबाट सर्मिला श्रेष्ठ, TITI द्वारा संचालित Lead Trainer मा मुख्य प्रशिक्षक श्री विवेक श्रेष्ठ, Training for Trainers मा प्रशिक्षकहरु टेलरिङ्ग ट्रेडबाट धनेश्वरी बासुकला, ईलेक्ट्रिक ट्रेडबाट सन्तोषी घिमिरे, अटोमोवाइल मेकानिकबाट श्री ज्ञानिश बुढा, मोबाइल ट्रेडबाट श्री रोहित मगराती तालीममा सहभागि हुनु भएको थियो । त्यसै गरि हेवी इक्युप्मेन्टमा ईन्जिन तथा हाइड्रोलिक सम्बन्धि २ महिने तालीममा अटोमावाईल ट्रेडका प्रशिक्षक श्री कृष्ण तिमिल्सीना सहभागि हुने भएको थियो ।

## रोजगारदाता संग परामर्श

मिति २०७१ साल असार १३ गते युसेप नेपालका दिक्षित प्रशिक्षार्थीहरुलाई रोजगारी दिने विभिन्न रोजगारदाताहरु संगको सम्बन्ध सुमधुर वनाउन तथा नयाा अवसर हरु के कस्तो हुन सक्छ रोजगार वजार को माग के रहेको छ आदि कुराहरु मा छलफल गर्ने उद्देश्यले रोजगारदाताहरु संगको वैठक युसेप नेपाल प्राङ्गणमा बस्यो । वैठकमा युसेप नेपालका कर्मचारी, प्रशिक्षकहरु लगायत विभिन्न ६ विषयका रोजगारदाताहरुको सहभागिता रहेको थियो । साथै सोही पेशामा संलग्न केहि दिक्षित प्रशिक्षार्थीहरु पनि कार्यक्रममा



सहभागी थिए । सम्पूर्ण रोजगारदाता, प्रशिक्षार्थी प्रशिक्षकहरुको उत्साहपूर्ण सहभागिताले छलफल निकै प्रभावकारी भएको थियो । यस किसिमको छलफलले आपसी सम्वन्धमा समन्वय ल्याउने, तालीमका भएका र हुन सक्ने साना ठूला त्रुटिहरु पनि पत्ता लाग्ने र त्यसलाइ सुधार्दै लैजानको लागि मद्दत मिल्ने भएकाले युसेप नेपालले यस किसिमको वैठकलाइ निरन्तरता दिइरहेको छ ।

## युसेप नेपाल मित्र समुह भेला

युसेप नेपाल संग प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा संलग्न प्रशिक्षार्थी, पुर्व प्रशिक्षार्थी, प्रशिक्षक , कर्मचारी पूर्व कर्मचारी एवं विभिन्न समयमा युसेप अन्तर्गत रहेर काम गरेका full time part time volunteer देखि युसेप नेपाल संग सरोकार राख्ने व्यक्तिहरुको समुह नै युसेप नेपाल मित्र समुह हो । नोभेम्वर ३०, २०१२ मा स्थापना भएको भए पनि खासै उपलब्धिमूलक कार्यहरु गर्न नसकी रहेको यस समुहलाइ अव भने प्रत्यक्ष रुपमा युसेप नेपालको हरेक कार्यक्रमहरुमा सहभागि गराउने र समूहलाइ पुर्नजीवित गराउने उद्देश्यले यस समूहका सदस्यहरुको आन्तरिक भेला युसेप नेपालमा मिति २०७१/०४/१४ गते सम्पन्न भयो । सोही भेलामा युसेप नेपाल मित्र समूहका सदस्यहरु मिलेर कार्यक्रम कमिटि र आर्थिक कमिटि गरि २ वटा कमिटि चयन गरे जसले सम्पुर्ण मित्र समूहको प्रतिनिधित्व गर्दै प्रत्यक्ष रुपमा काम गर्नेछ । भेलामा विभिन्न समयमा सानोठिमी प्राविधिक शिक्षालयबाट तालीम प्राप्त गरेका प्रशिक्षार्थी, कर्मचारीहरुका साथै युसेप नेपालका कोषाध्यक्ष श्री विनोद नाथ आचार्य, सानोठिमी प्राविधिक शिक्षालयका प्रिन्सिपल श्री चन्द्र कुमार ढुंगानाको पनि सहभागिता रहेको थियो ।

## FCA आर्थिक सहयोगमा कमैया, हलिया र कमलरी समुदायलाई व्यावसायिक तालीम

Fin Church Aide को आर्थिक सहयोगमा युसेप नेपालले विशेष गरि मुक्त कमैया, हलिया, कमलरी समुदायका अति विपन्न वर्गका जम्मा ८० जना प्रशिक्षार्थीलाई आवासिय सुविधा सहित विभिन्न सीपमूलक व्यावसायिक तालीम दिन शुरु गरेको छ । कन्चनपुर र कैलाली जिल्लावाट प्रशिक्षार्थी छनौट चरण पार गरि आएका यी प्रशिक्षार्थीहरुलाई ६ महिने निःशुल्क तालीम पश्चात सम्वन्धित विषयमा रोजगारी दिलाउन पनि शिक्षालयको रोजगार युनिटले सहयोग गर्नेछ ।

## iLEAD दशौं समुहको तालीम सम्पन्न शुरु र एघारौं समुह शुरु

Aide et Action को सहयोगमा विगत चार वर्षदेखि विभिन्न विषयमा निरन्तर चार महिने सीपमूलक व्यावसायिक तालीम दिदै आइरहेकोमा युसेप नेपालले दशौं ग्रुप सम्म तालीम सफलतार्पूवक सम्पन्न गरेको छ । दशौं समुह सम्म आइपुग्दा यस iLEAD कार्यक्रम अन्तरगत करिव ८०० जति प्रशिक्षार्थी दिक्षित भएका छन् । दशौं समुहको तालीम समाप्ति संगै एघारौं समुहको तालीम पनि यहि मिति २०७१ साल जेष्ठ १ गते वाट एघारौं समुहको तालीम शुरु भएको छ । यस समुहमा ६ वटा विभिन्न विषय गरि जम्मा १४० प्रशिक्षार्थी तालीमरत छन् ।

## फाल्गुण १ गते देखि श्रावण मसान्त सम्म तालीम लिएका प्रशिक्षार्थी संख्या

| क्रं. सं. | कार्यक्रम/तालीम | विवरण |
|---|---|---|
| १. | नियमित सत्रको तालीम | नियमित फाल्गुण सत्र अन्तर्गत १६३ प्रशिक्षार्थीले तालीम प्राप्त गरे। |
| २. | एफ एल सि | यस अन्तर्गत जम्मा ९५ जना प्रशिक्षार्थीहरुले तालीम प्राप्त गरे। |
| ३. | *i*LEAD दशौं ब्याच | यस परियोजना अन्तर्गत ९७ प्रशिक्षार्थीले तालीम प्राप्त गरे |
| ५. | व्यवसायिक शिक्षा तथा अभिवृद्धि (EVENT) | यस परियोजना अन्तर्गत २९ प्रशीक्षार्थीले तालीम परियोजना तालीम प्राप्त गरे। |
| ६. | रोजगार कोष | यस अन्तर्गत जम्मा ९३ प्रशिक्षार्थीले तालीम प्राप्त गरे। |
| ७. | हलुका सवारी चालक | यस अन्तर्गत १०८ प्रशिक्षार्थीले तालीम प्राप्त गरे। |
| ८. | हेभि ईक्विपमेण्ट | यस अन्तर्गत २१० प्रशिक्षार्थीले तालीम प्राप्त गरे। |
| ९. | स्कुटी | यस अन्तर्गत १२ प्रशिक्षार्थीले तालीम प्राप्त गरे। |
| १०. | हेवी इक्युप्मेण्ट मर्मत | यस अन्तर्गत ११ जना प्रशिक्षार्थीले तालीम प्राप्त गरे |


नेपालीहरुको महान चाड विजया दशमी,
दिपावली तंथा छठ पर्वको अवसरमा
सम्पूर्ण नेपाली दाजुभाई तथा
दिदीबहिनीहरुलाई हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्न
चाहन्छु।

**International Staffing Services Pvt. Ltd.**
Samakhusi, Kathmandu
POB No. 24384
TEL: +977 1 4382271, 4382156
FAX:+977 1 4382302
EMAIL: issnepal@wlink.com.np
WEB: www.issnepal.com

